# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०        संख्याः १        मितिः २०८३/०३/०५

---

### भाग — २

## देवघाट गाउँपालिकाको बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३

# देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०८३/०३/०५

प्रमाणीकरण र प्रकाशन मितिः २०८३/०३/०५

**प्रस्तावनाः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आर्थिक सहयोग तथा पीडित बालबालिकाहरुलाई उद्धार, अस्थायी संरक्षण, विद्यालय शिक्षा, स्वास्थ्य उपचार तथा मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनका लागि कोष स्थापना गर्न वाञ्छनीय भएकोले देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देवघाट गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"देवघाट गाउँपालिकाको बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८३"** रहेको छ ।

(२) यो कार्यविधि देवघाट गाउँ कार्यपालिकाको बैठकले पारित गरे पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यालय"** भन्नाले देवघाट गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले देवघाट गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ग) **"अध्यक्ष"** भन्नाले बाल कोष सञ्चालक समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) **"बालबालिका"** भन्नाले बाल अधिकार ऐन, २०७५ बमोजिम १८ वर्ष उमेर नपुगेका बालबालिका सम्झनुपर्दछ ।

(ङ) **"विशेष संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले बाल अधिकार ऐन, २०७५ को परिच्छेद ५ को उपदफा १ बमोजिमका बालबालिकालाई सम्झनुपर्दछ ।

(च) **"कोष"** भन्नाले दफा ३ बमोजिमको देवघाट गाउँपालिकाको बाल कोष सम्झनुपर्दछ ।

(छ) **"सञ्चालक समिति"** भन्नाले दफा ७ बमोजिमको सञ्चालक समिति सम्झनुपर्दछ ।

**३. कोषको स्थापनाः**

(१) देवघाट गाउँपालिकामा "देवघाट गाउँपालिका बाल कोष" नामको एक कोष स्थापना गरिनेछ, जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः

(क) संघ वा प्रदेशबाट प्राप्त रकम

(ख) देवघाट गाउँपालिकाबाट प्राप्त रकम,

(ख) व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) बमोजिमको रकम सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिको विविध खातामा जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्नेः** बालबालिकाको हकहित संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा निश्चित रकम कोषमा जम्मा गर्नेछ ।

**५. कोषको उपयोगः**

(१) विशेष संरक्षणको आवश्यकता भएका भएका बालबालिकाहरुका लागि कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) तत्काल उद्धार, राहत, पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउन,

(ख) विद्यालय शिक्षा र औषधि उपचारमा सहयोग गर्न,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(घ) सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले कुनै पनि बालबालिका तथा किशोर किशोरी विभिन्न प्रकारको हिंसा, द्वन्द प्रभावित, अति विपन्न, लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिनेछैन ।

**७. सञ्चालक समिति गठनः**

(१) बाल कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्षः अध्यक्ष

(ख) सामाजिक विकास समिति संयोजकः सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(घ) अध्यक्षले तोकेको माध्यमिक विद्यालयको प्र.अ. १ जनाः सदस्य

(ङ) अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य १ जनाः सदस्य

(च) गाउँपालिका स्तरीय बालसञ्जालको अध्यक्षः सदस्य

(छ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाई प्रमुखः सदस्य-सचिव

(२) गाउँपालिकाका अध्यक्ष यस समितिको संरक्षक रहनेछ।

(३) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(ख) बालबालिकाको अधिकार सुनिश्चितत गर्नको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,

(घ) बालबालिकाको संरक्षणको निम्ति अन्य आवश्यक काम गर्ने ।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारहरुः**

(१) यस कार्यविधि बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकम नबढ्ने गरी उपब्ध गराइनेछः

(क) अभिभावक विहीन तथा विपन्न बालबालिकाहरुलाई वडाको सिफारिसमा शिक्षा र स्वास्थ्य उपचारमा बढीमा रु. ५०००।- (पाँच हजार रुपैयाँ) सम्म ।

(ख) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्शका लागि रु. ५०००।- (पाँच हजार रुपैयाँ) मा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

(ग) पुनर्स्थापनाको लागि बढीमा रु. ५०००।- (पाँच हजार रुपैयाँ) सम्म।

(घ) सञ्चालक समितिले तोके बमोजिम अन्य कामको लागि प्रकृति हेरी बढीमा रु. १०,०००।- (दश हजार रुपैयाँ) उपलब्ध गराउन सकिनेछ ।

(ङ) यसमा उल्लेख भए बाहेकको हकमा समितिले तोके बमोजिम हुनेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्नको लागि बालबालिकाले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एकाइमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई तत्काल उद्धार, राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिको अध्यक्षले दफा ९ मा तोकिए बमोजिमको सहयोग रकम तत्काल भुक्तानी गर्ने र सञ्चालक समितिको बैठकले अनुमोदन गर्नुपर्नेछ ।

**११. थप रकम निकासा माग गर्न सक्नेः**

(१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले गाउँ कार्यपालिकामा थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाउँ कार्यपालिकाले आवश्यक्ता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१२. कोषको खाता सञ्चालनः**

(१) कार्यालयले सञ्चालक समितिबाट प्राप्त भएको रकम सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिमको विविध खातामा जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम १ बमोजिमको खाता सञ्चालन कार्यालय प्रमुख र लेखा अधिकृतको संयुक्त दस्तखतबाट मात्र हुनेछ ।

**१३. कोषको लेखा र लेखा परीक्षणः**

(१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४. प्रतिवेदन पेश गर्नेः**

(१) कोष सञ्चालक समितिले आर्थिक वर्षको अन्तिम महिनामा सो समितिबाट भए गरेका कामकारवाहीको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) कार्यालयले वार्षिक प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१५. बैठक भत्ताः** सञ्चालक समितिका संयोजक र सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।तर कोषबाट यस शीर्षकमा खर्च गर्न पाइनेछैन ।

**१६. निर्देशन दिन सक्नेः** कार्यपालिकाले सञ्चालक समितिको काम कारवाही सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने तथा संशोधनः** यस कार्यविधिको व्याख्या, संशोधन र खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ । यसमा उल्लेख गरिएका कुनै कुरा प्रचलित संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
प्रधुब्न कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत